**बैङ्किङ्ग सेवा सम्बन्धी समस्याको गुनासो सुन्न हटलाइनको व्यवस्था तथा गुनासो सम्बन्धी समस्या समाधान गर्न कार्यदल गठन गरिएको बारे नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागको सूचना**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी तत्काल राहत कार्यक्रम, २०६८ मा उल्लिखित कार्यक्रमको बुँदा नं. ६.४ मा देशभरका नोट कोषहरुमा फण्ड ट्रान्सफर मार्फत खुद्रा नोट र सफा नोटको आपूर्ति बढाइने र सहज रुपमा आवश्यकता अनुरूपको सटही सुविधालगायतका बैंकिङ सेवा उपलब्ध नभएमा साथै अनियमितता र ढिलासुस्ती भएको पाइएमा सो बारेमा गुनासो सुनी आवश्यक व्यवस्था गर्नका लागि नेपाल राष्ट्र बैंकमा केन्द्रीय हटलाइनको व्यवस्था गरिने भन्ने व्यवस्था बमोजिम यस बैंकको टेलिफोन नं. ४४११४०७ मा हट लाइनको व्यवस्था गरिएको छ । साथै, बैंङ्किङ्ग सेवा सम्बन्धी कुनै समस्या/गुनासो आएमा सो समाधानका लागि बैंक तथा वित्तीय संस्थाहरुको समेत सहभागितामा देहायका सदस्यहरु रहेको एउटा कार्यदल गठन गरिएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दै त्यस्तो समस्या बारेको निवेदन उक्त कार्यदलमा पठाउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ ।

(१) बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक श्री पूर्णबहादुर खत्री -संयोजक

(२) बैंङ्किङ्ग कार्यालयका उप-निर्देशक श्री गोविन्द प्रसाद शर्मा भट्टराई -सदस्य

(३) मुद्रा व्यवस्थापन विभागका उप-निर्देशक श्री बद्री कुमार घिमिरे -सदस्य

(४) बैंक तथा वित्तीय संस्थाहरुको तर्फबाट प्रतिनिधि श्री सुशील जोशी -सदस्य

(५) बैंक तथा वित्तीय संस्था नियमन विभागका सहायक निर्देशक श्री निभा श्रेष्ठ -सदस्य-सचिव